बैठक संख्याः

श्रीः

आज मिति २०७७ साल बैशाख १५ गते विहानको ३:०० बजेट प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्रीः मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सदस्य-सचिव |
| | | व्यवस्थापन टोली | |
| | | मुक्ता बाम्ले | |
| २९. | | माधव ज्ञवाली | |
| ३० | | पिठ्ठुलाल पुर्वे | |
| ३१ | | कृष्ण बहादुर थापा क्षेत्री | |

**प्रस्तावहरु:**

१. कोरोना भाइरस (कोभिड-१९) सतर्कता सम्बन्धमा ।
२. प्रथम र दोस्रो चरणको राहत वितरण सम्बन्धमा ।
३. व्यक्तिगत घटना दर्ता सम्बन्धमा ।
४. ट्रेक्टरको न्यूनतम दररेट निर्धारण सम्बन्धमा ।
५. अस्पतालमा कार्यरत कर्मचारीलाई खाना र बास सम्बन्धमा ।
६. रकमान्तर सम्बन्धमा ।
७. आय-व्यय सम्बन्धमा ।
८. कृषि उत्पादन सम्बन्धमा ।

***निर्णय नं. १***

प्रस्ताव नं. १ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले पाँचौ चरण २०७७ बैशाख २५ गते सम्म लकडाउन गरेकोले सो अवधि सम्मका दिनहरुमा आ–आफ्नो वडा बासीहरु तथा नगरबासी सबैलाई लकडाउन पूर्ण पालना गर्नमा सहयोग पुर्‍याई निम्नानुसार गर्ने/गराउने निर्णय गरियो ।

तपशिल

- मासुजन्य (कुखुराको मासु/माछा/खसी/राँगा/वंगुरको मासुहरु) विक्रि वितरण गर्ने पसलहरुमा भीडभाड नहुने, माक्स र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरु बीच न्यूनतम १ मिटरको भौतिक दूरी कायम हुने गरी विहान ७:०० देखि ११:०० वजे सम्म सुधारीएका पसल तथा नगरपालिकामा सूचिकृत भएका व्यवसायीक पसलहरुबाट मात्र सञ्चालन गर्न सहजीकरण गर्ने र सो को लगत राख्ने । यदी अटेर गरेमा कार्वाहीको लागि सिफारिस गर्ने ।
- मासुजन्य (कुखुराको मासु/माछा/खसी/राँगा/वंगुरको मासुहरु) विक्रि वितरण गर्न स्थानीय उत्पादनलाई प्राथमिकता दिने र अन्य स्थानीय तहबाट यस नगरपालिका भित्र आपूर्ति गर्न रोक लगाउने ।
- कृषक लक्षित कार्यक्रम अर्न्तगत विशेष कृषि तथा पशुपन्छी उत्पादनमा नगरक्षेत्रमा रहेका कृषि तथा पशु पन्छी पालक कृषकहरुलाई व्यवसायमा आधारित (तरकारीको विउ/दुग्ध/घाँसको विउ) वन्दावन्दीको कारणबाट पर्न गएको क्षतिको विवरण संकलन तथा मूल्याँकन गरी नगर कार्यपालिकामा पठाउने ।
- आगामी दिनमा हुन सक्ने खाद्यान्न संकटलाई दृष्टिगत गरी सावधानी पूर्वक कृषि उत्पादनमा जोड दिने ।
- सवारी पासको प्रयोजन र ढुवानी साधनको चलानी प्रयोजनको छडके जाँच गर्ने ।

***निर्णय नं. २***

प्रस्ताव नं. २ माथि छलफल गर्दा नोभेल कोरोना भाईरस COVID-19 को माहामारीले गर्दा लकडाउनको अवधिमा नगरक्षेत्र भित्र बसोबास गर्ने दैनिक ज्याला मजदुरी गर्ने पिडित घर परिवारको प्रथम चरणमा संकलित घरधुरी विवरण जम्मा-२५२१ लाई राहत वितरण गरिएकोमा निजहरुलाई दोस्रो चरणको राहत वितरण गर्न यथार्थ घरधुरी संख्यात्मक विवरण सवै वडा कार्यालयहरु बाट नाम नामेसी प्राप्त भएकोले अति विपन्न नागरिक, श्रमिक, मजदुर कार्यका लागि राहत प्याकेज सामाग्री चामल-१० के.जी., तेल-१/२ लिटर, दाल-२ के.जी., नुन-१ पोका प्रति

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

जना-५ हुने गरि एक परिवारलाई प्याकेजका दरले वितरण प्रणाली अपनाई यथाशीघ्र वितरण गर्ने र राहत पाउनेको यथार्थ घर परिवार संख्या जम्मा-४३०० सम्बन्धित नाम नामेसी विवरणसबै वडा कार्यालयबाट प्राप्त भै सोही नामावली अनुसारको दोस्रो चरणको राहत वितरण गरिएकोले उक्त विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. ३*

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट घोषणा गरेको लकडाउन अवधिमा सुत्केरी भै समयावधि भित्र सम्बन्धित वडामा गै व्यक्तिगत घटना दर्ता गराउन छुट भएतापनि सुत्केरी भत्ता प्राप्त गर्न समयावधिको गणना गर्दा लकडाउनको अवधिलाई समेत गणना गरी सुत्केरी भत्ता उपलव्ध गराउने साथै ३५ दिन भित्रमा घटना दर्ता गर्नु पर्ने कानूनी व्यवस्था भएकोमा लकडाउनका कारण समयमै घटना दर्ता गर्न नसकि समयावधी कटेमा सो अवधिमा लाग्ने जरिवाना असूली नगर्ने निर्णय गरियो ।

*निर्णय नं. ४*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत रहेका कतिपय खेतीयोग्य जमिन जोताईका कारण बाँझो रहँदा कृषि उत्पादन बाहिरबाट आयात गर्नु पर्ने अवस्था सृजना भएकोले नगर भित्रका किसानहरु लाई नगरपालिकाले जग्गाधनीलाई बाँझो जमिन राख्न नदिन कृषि यान्त्रीकिकरण अर्न्तगत ट्र्याक्टरको भाडा दरमा नगरक्षेत्र भित्र एकरुपता कायम गर्न तेलको मूल्य बृद्धि हुदा समायोजन हुने गरी देहायवमोजिमको दररेट निर्धारण गर्ने निर्णय गरियो ।

तशिल

| सि.नं. | जोताईको किसिम | सुख्खा जमिनमा प्रतिघण्टा दररेट रु. | हिल्याम्म जमिनमा प्रतिघण्टा रु. |
|---|---|---|---|
| १. | कल्टीबाट जोताई गर्दा | १२००/- | |
| २. | रोटरीबाट जोताई गर्दा | १६००/- | |
| ३. | कम्पाईन धान र गहु काट्ने | ५०००/- प्रति विगाहा | |
| ४. | हाते ट्रेक्टर धान काट्ने | ९००/- | |
| ५. | धान काट्ने ट्रेक्टर | १०००/- | |
| ६. | ठ्रेसर मेसीन (लेवर सहित) | १८००/- | |

*निर्णय नं.५*

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत रहेको चिसापानी अस्पताल, चिसापानीमा कार्यरत चिकित्सक लगायतका स्वास्थ्यकर्मीहरुले अस्पतालमा दैनिक सेवा प्रवाह गर्दा हाल माहामारीको रुपमा रहेको नोभेल कोरोना भाईरस COVID-19 को कारण नेपाल सरकारबाट घोषणा गरेको लकडाउनको अवधिमा बर्दघाट नगरपालिका र नगरक्षेत्र भन्दा वाहिरका पालिकाहरुबाट औषधोपचारको लागि विरामी आई नियमित चेकजाँच गर्दा स्वास्थ्यकर्मिहरु मा समेत रोगको संक्रमण हुन सक्ने सम्भावना रहेको तथा टाढा टाढाबाट सेवा प्रदान गर्न आउनु पर्ने भएकोले पुन सेवाप्रवाह पश्चात आ-आफ्नो घरमा फर्कि जान अप्ठ्यारो अवस्था सृजना भएकोले दैनिक खाना र बासको व्यवस्था नगरपालिकाबाट गराई पाउँ भनि स्वास्थ्यकर्मीहरुको माग पेश हुन आएकोले निजहरुलाई खाना र बासको व्यवस्था नगरपालिकाबाट नै मिलाउने । साथै सो कार्यमा लाग्ने सम्पूर्ण खर्च प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

| | | | | |
|---|---|---|---|---|
| ८. | | | गैह्रे सोप एण्ड क्लिनर ईन्डष्ट्रिज | ११०२३ |
| ९. | | | रुरु गंगा जनरल स्टोर्स | ३५५१५/- |
| १०. | | | सवारी भाडा (पैदलयात्रु) | २६१२००/- |
| ११. | | | न्यू सुवेदी ट्रेडर्स | ६०००००/- |
| १२. | | | धुर्वतारा ट्रेडर्स | ५०००००/- |
| १३. | | | पैदल यात्रु खाना/नास्ता तरकारी | १२०३०/- |
| | जम्मा | ४५०००००/- | जम्मा | ३१३६४३०/- |

<u>वस्तुगत सहायता</u>

| क्र.सं. | विवरण | आय तर्फ के.जी. | व्यय तर्फ के.जी |
|---|---|---|---|
| १ | चामल | १०४८५ के.जी | ९७८५ के.जी |
| २ | दाल | ३०० के.जी | ३०० के.जी |
| ३ | नून | ३०० पोका | ५५ पोका |
| ४ | तेल | ५५ लिटर | ५५ लिटर |
| ५ | सावुन | २०४ वटा | २०४ वटा |
| ६ | क्लोरिन र व्लीचिंग पावडर | १२५ के.जी | १२५ के.जी |
| ७ | पि.पि.ई | ४३ थान | ४३ थान |
| ८ | माक्स | ५५० पिस | ५५० पिस |
| ९ | बाल्टी/मग | ५/५ थान | ५/५ थान |

*<u>निर्णय नं. ८</u>*

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस (भोभिड-१९) को कारणबाट नगरक्षेत्र भित्र उत्पन्न हुन सक्ने खाद्य संकटलाई मध्यनजर गर्दै यसको न्यूनिकरणको लागि कृषकको हितलाई ध्यानमा राखी नगर क्षेत्र भित्र रहेको कृषियोग्य जमिनको समुचित प्रयोग एवम् कृषि उपजको उत्पादन बढाउने उद्धेश्यले कृषकहरुलाई २५ प्रतिशत धानको विउ खरिदमा अनुदान सहयोग स्वरुप निम्न वडामा देहायका सहकारी संस्थाबाट उन्नत जातको धानको विउ वितरण गर्ने व्यवस्था मिलाउने उक्त कार्य गर्न तपशिल अनुसारका सहकारीहरुलाई प्रकोप व्यवस्थापन कोषबाट पेश्कीको रुपमा रु. २०,००,०००/-(रुपैया बीस लाख मात्र) रकम उपलव्ध गराउने र सो पेश्की रकम किसानहरुको २५ प्रतिशत अनुदान मिलान गरी बाँकी रकम सम्झौता अनुसार नगरपालिकामा जम्मा गर्ने गरी दिने निर्णय गरियो ।

| वडा नं. | संस्थाको नाम | अनुदान रकम रु. |
|---|---|---|
| वडा नं.१ देखि ७ सम्म साविक माकर<br>वडा नं. १२ र १३ साविक जहदा | श्री माकर बहुमुखी सहकारी संस्था लि. बर्दघाट-४ | १००००००.० |
| वडा नं. ८ देखि ११ सम्म साविक पञ्चनगर | श्री मधुवन कृषि बहुउदेश्यीय सहकारी संस्था लि. बर्दघाट-९ | ५०००००.० |
| वडा नं. १४ देखि १६ सम्म साविक दाउन्नेदेवी | सृजनशिल विउ बैंक, बर्दघाट-१५, न.प. | ५०००००.० |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

*निर्णय नं. ६*

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७६/०७७ का लागि नगरसभाबाट स्वीकृत नगर स्तरिय योजनाहरुको सन्दर्भमा चालु आ.व. मा सम्पन्न हुन नसक्ने देखिएका साथै विश्वव्यापी माहामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (कोभिड-१९) को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ वमोजिम देहायका शीर्षकबाट देहायवमोजिमको रकम पछि नगरसभाबाट अनुमोदन हुने गरी प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने र सो को लागि विनियोजन विद्येयक, २०७६ लाई सँसोधनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| शिर्षक परिबर्तन गरिएका नगरस्तरीय योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | योजना क्र.स. | साविक योजनाको नाम र स्थान | विनियोजित वजेट | परिवर्तित योजनाको नाम | रकमान्तरमा विनियोजित वजेट | बाँकी रकम रु. |
| १ | ४३२ | ड्राइभर तलिम महिलाहरुलाई | १८८२000.0 | प्रकोप व्यवस्थापन कोष | १000000.0 | ८८२000.0 |
| २ | ४३४ | तालिम खर्च नगरपालिका तथा वडाका पदाधिकारी तथा कर्मचारी क्षमता विकास | ३000000.0 | प्रकोप व्यवस्थापन कोष | २000000.0 | १000000.0 |
| ३ | ४४८ | पूँजीगत अनुसन्धान तथा परामर्श | ४000000.0 | प्रकोप व्यवस्थापन कोष | २000000.0 | २000000.0 |
| | | जम्मा | ८८८२000.0 | | ५000000.0 | ३८८२000.0 |

*निर्णय नं. ७*

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रकोप व्यवस्थापन कोषमा हाल सम्म प्राप्त भएको नगद तथा जिन्सी आय-व्ययको विवरण देहायवमोजिम जानकारी लिईयो ।

तपशिल

| क्र.सं. | विवरण | नगद रु. | जिन्सी सामान रु. | खर्च रकम रु. |
|---|---|---|---|---|
| १. | प्रकोप व्यवस्थापन कोष | १000000/- | कर्मचारी पेश्की | १५0000/- |
| २. | सहयोग संकलन | २000000/- | जिमिरेभार ट्रेडर्स | ९00000/- |
| ३. | प्रदेश सरकार | १५00000/- | झरना डिजिटल छपाई | २२६४५/- |
| ४. | | | क्वी ईन्टरनेसनल | १२६00८/- |
| ५. | | | समुन्द्र मेडिको फार्म | १0९७९५/- |
| ६. | | | सुविधा ट्रेडर्स | १0८५७१/- |
| ७. | | | ह्यात मेडिको डिष्ट्रीव्युटर्स | ३00५२२/- |